# बुधवार नेप्से स्थिर

अभियान संवाददाता

काठमाडौं

बुधवार नेप्से स्थिर बनेको छ। अघिल्लो दिन २ हजार ७०५ दशमलव ४५ विन्दुमा बन्द भएको नेप्से बुधवार पनि २ हजार ७०५ दशमलव ५३ विन्दुमा बन्द भएको हो । यो दिन नेप्से परिसूचकमा शून्य दशमलव शून्य ८ अंकको वृद्धि देखिएको छ । पछिल्ला दुई दिनको कारोबारलाई हेर्दा नेप्से २ हजार ७०० विन्दु तल जान नसकेको देखिन्छ।

२ हजार ६९९ दशमलव शून्य ६ विन्दुदेखि खुलेको नेप्से २ हजार ६९६ दशमलव ८१ विन्दुसम्म झरेको थियो । यो दिनको उच्च विन्दु भने २ हजार ७१४ दशमलव ६७ रहेको छ। बुधवार खुला विन्दुभन्दा माथि नै गएर बजार बन्द भएको छ। यो दिन ग्रीन इन्भर्टेड ह्यामर आकृतिको मैनबत्ति बनेको छ। यो आकृतिले बजार बढ्ने संकेत गर्दछ।

सोपान फर्मास्युटिकल्स र एपोलो हाइड्रोपावरले उच्च मूल्य वृद्धिको निरन्तरता कायम राखेका छन् । सोपान फर्मास्युटिकल्सको १४ दशमलव ९९ प्रतिशत अर्थात् प्रतिकित्ता १०५ रुपैयाँ ४० पैसाले बढेर अन्तिम मूल्य ८०८ रुपैयाँ ५० पैसा कायम भएको छ भने एपोलो हाइड्रोपावरको पनि १४ दशमलव ९९ प्रतिशत अर्थात् प्रतिकित्ता ९० रुपैयाँ ३० पैसाले बढेर अन्तिम मूल्य ६९२ रुपैयाँ ७० पैसा कायम भएको छ । यो दिन एनएमबि बैंकको १० दशमलव ७५ प्रतिशत ब्याजदर रहेको ऋणपत्रको मूल्य सर्वाधिक घटेको छ । ८ दशमलव ६४ प्रतिशत अर्थात् प्रतिकित्ता ११४ रुपैयाँले घटेर एनएमबि डिबेन्चर, २०८९/९० को मूल्य प्रतिकित्ता १ हजार २०६ रुपैयाँ कायम भएको हो।

कारोबार रकम घटेर ३ अर्ब ६३ करोड रुपैयाँभन्दा बढी भएको छ । अघिल्लो कारोबार दिन ४ अर्ब ४ करोड रुपैयाँभन्दा बढीको धितोपत्र कारोबार भएको थियो । अघिल्लो कारोबार दिन १ करोड ७ लाखभन्दा बढी कित्ता धितोपत्र कारोबार भएकोमा बुधवार भने ८३ लाख ७५ हजारभन्दा बढी कित्ता धितोपत्र कारोबार भएको हो।

कुल कारोबारमा सर्वाधिक हिस्सा एनआरएन इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्ट लिमिटेडले ओगटेको छ । यस कम्पनीको २१ करोड १७ लाख रुपैयाँभन्दा बढीको १ लाख ४९ हजारभन्दा बढी कित्ता शेयर कारोबार भएको हो । सर्वाधिक रकमको कारोबार भएको यस कम्पनीको शेयर मूल्य भने प्रतिकित्ता ५६ रुपैयाँ २० पैसाले बढेर अन्तिम मूल्य १ हजार ४२८ रुपैयाँ कायम भएको हो।

यो दिन विकास बैंकको परिसूचक स्थिर रहँदा चार समूहको परिसूचक बढेको छ भने बाँकीको घटेको छ। लगानी समूहको परिसूचक सर्वाधिक शून्य दशमलव ५३ प्रतिशत बढेको छ भने होटल तथा पर्यटन समूहको परिसूचक सर्वाधिक शून्य दशमलव ६४ प्रतिशत घटेको छ।

**बजार पूँजीकरण बढ्यो**

बुधवार बजार पूँजीकरण रू. १४ करोडले बढ्दै रू. ४६ खर्ब २२ अर्ब ९५ करोड कायम भएको छ । अघिल्लो कारोबार दिन बजार पूँजीकरण रू. ४६ खर्ब २२ अर्ब ८० करोड थियो ।

**कुल कारोबारमा सर्वाधिक हिस्सा जलविद्युत् समूहको**

कारोबार रकमका आधारमा बुधवार जलविद्युत् समूहले सर्वाधिक हिस्सा ओगटेको छ । कुल कारोबारमध्ये ४० दशमलव ८४ प्रतिशत हिस्सा ओगटेको उक्त समूहको रू. १ अर्ब ४८ करोड ५४ लाख बराबरको धितोपत्र किनबेच भएको छ। यस्तै, सर्वाधिक कारोबार गर्ने समूहमध्ये दोस्रो स्थानमा उत्पादन तथा प्रशोधन समूह रहेको छ । उक्त समूहको रू. ४१ करोड ७५ लाख बराबरको धितोपत्र किनबेच भएको छ।

**ब्रोकर नं. ५८ बाट सर्वाधिक कारोबार**

बुधवारको बजारमा ब्रोकर नं. ५८ सर्वाधिक कारोबार गर्नेमध्ये शीर्ष स्थानमा रहेको छ । उक्त ब्रोकरबाट रू. ४२ करोड ५१ लाख बराबरको धितोपत्र किनबेच भएको हो । कारोबार अवधिमा उक्त ब्रोकरबाट रू. १८ करोड ३९ लाख बराबरको धितोपत्र विक्री भएको छ भने रू. २४ करोड १२ लाख बराबरको धितोपत्र खरीद भएको देखिन्छ । यस्तै, दोस्रोमा ब्रोकर नं. ७७ रहेको छ। जसबाट बुधवारको बजारमा रू. ४१ करोड ९३ लाख बराबरको धितोपत्र किनबेच भएको छ।

**मूल्य घटबढका आधारमा शीर्ष ५ धितोपत्र**

| बढेका धितोपत्र | | | घटेका धितोपत्र | | |
|---|---|---|---|---|---|
| धितोपत्र | अन्तिम मूल्य रू. | फरक (प्रतिशत) | धितोपत्र | अन्तिम मूल्य रू. | फरक (प्रतिशत) |
| सोपान फर्मास्युटिकल्स लिमिटेड | ८०८.५० | १४.९९ | एनएमबि डिबेन्चर १०.७५% (ऋणपत्र) २०८९/२०९० | १,२०६ | -८.६४ |
| एपोलो हाइड्रोपावर लिमिटेड | ६९२.७० | १४.९९ | १०% प्राइम डिबेन्चर २०८८ | १,१४५ | -४.९८ |
| बुङ्गल हाइड्रो लिमिटेड | ८१८ | ९.३७ | ८.५% सिद्धार्थ बैंक डिबेन्चर २०८४ | १,०१७ | -४.९५ |
| त्रिशुली जलविद्युत् कम्पनी लिमिटेड | ५१५ | ५.९२ | दोल्ती पावर कम्पनी लिमिटेड | ३७५ | -३.३५ |
| १०.७५% एसबिएल डिबेन्चर २०८९ | १,२६० | ५.८८ | लक्ष्मी उन्नति कोष | ९.८७ | -३.२४ |

**समूहगत कारोबार**

| क्र.स. | समूह | कारोबार रकम (रू. करोडमा) | कारोबारमा हिस्सा(%मा) |
|---|---|---|---|
| १ | जलविद्युत् | १४८.५४ | ४०.८४ |
| २ | उत्पादन तथा प्रशोधन | ४१.७५ | ११.४८ |
| ३ | बैंकिङ्ग | ३७.८९ | १०.४२ |
| ४ | वित्त | २७.९६ | ७.६९ |
| ५ | लगानी | २६.९१ | ७.४० |
| ६ | होटल तथा पर्यटन | १६.१२ | ४.४३ |
| ७ | ऋणपत्र | १४.८५ | ४.०८ |
| ८ | विकास बैंक | १२.१४ | ३.३४ |
| ९ | जीवन बीमा | ९.४४ | २.६० |
| १० | लघुवित्त | ९.४३ | २.५९ |
| ११ | अन्य | ९.२० | २.५३ |
| १२ | निर्जीवन बीमा | ६.५८ | १.८१ |
| १३ | संस्थापक शेयर | १.६२ | ०.४५ |
| १४ | म्युचुअल फण्ड | १.१४ | ०.३१ |
| १५ | व्यापार | ०.१२ | ०.०४ |

**सर्वाधिक कारोबार भएका पाँच धितोपत्र**

| धितोपत्रको नाम | कारोबार रकम (रू. करोडमा) | अन्तिम मूल्य (रू.) |
|---|---|---|
| एनआरएन इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्ट लि. | २१.१७ | १,४२८ |
| रिलायन्स स्पिनिङ्ग मिल्स लिमिटेड | १८.३२ | ३,३९९ |
| बुङ्गल हाइड्रो लिमिटेड | १७.८३ | ८१८ |
| सेन्ट्रल फाइनान्स लिमिटेड | १६.८३ | ६१७ |
| आँखुखोला जलविद्युत् कम्पनी लिमिटेड | १५.९५ | ३९६.९० |

**शीर्ष ५ ब्रोकर (रकम रू. करोडमा)**

| ब्रोकर नं. | खरीद रकम | विक्री रकम | जम्मा रकम |
|---|---|---|---|
| ५८ | २४.१२ | १८.३९ | ४२.५१ |
| ७७ | २१.६९ | २०.२४ | ४१.९३ |
| ४१ | २०.६३ | २१.२३ | ४१.८६ |
| ४९ | १६.५० | १५.५७ | ३२.०७ |
| ४५ | ९.२२ | १५.४४ | २४.६६ |

**समूहगत परिसूचकमा आएको परिवर्तन**

| क्र.स. | समूह | समूहगत परिसूचक | परिवर्तन (% मा) |
|---|---|---|---|
| १ | लगानी | १००.४८ | ०.५३ |
| २ | उत्पादन तथा प्रशोधन | ११,०४८.३८ | ०.५१ |
| ३ | जलविद्युत् | ३,७९५.५४ | ०.३० |
| ४ | वित्त | २,४४३.७६ | ०.१४ |
| ५ | विकास बैंक | ५,७६२.५९ | ० |
| ६ | लघुवित्त | ४,७२७.८६ | -०.०४ |
| ७ | म्युचुअल फण्ड | २१.८४ | -०.०५ |
| ८ | जीवन बीमा | १२,३७८.०७ | -०.०७ |
| ९ | अन्य | २,००३ | -०.०८ |
| १० | बैंकिङ्ग | १,४३२.२७ | -०.१८ |
| ११ | निर्जीवन बीमा | ११,१४०.८४ | -०.५५ |
| १२ | व्यापार | ३,३५७.९७ | -०.६० |
| १३ | होटल तथा पर्यटन | ७,६६१.६६ | -०.६४ |

## कुथेली बुखरी स्मल हाइड्रोको १२ लाखभन्दा बढी कित्ता शेयरको 'लक-इन' सकिँदै

काठमाडौं (अस) । कुथेली बुखरी स्मल हाइड्रोपावर लिमिटेडको कुल १२ लाख ९ हजार १६९ दशमलव ५ कित्ता शेयरको 'लक-इन' आगामी साउन ६ गते पछि सकिने भएको छ।

कम्पनीको संस्थापकतर्फको १० लाख ७२ हजार ४३४ कित्ता, कर्मचारीतर्फको २ हजार ६८० दशमलव ७० कित्ता र आयोजना प्रभावित स्थानीयतर्फको १ लाख ३४ हजार ५४ दशमलव ८० कित्ता शेयरको 'लक-इन' आगामी साउन ६ गतेपछि सकिने भएको हो।

यी शेयर सर्वसाधारण लगानीकर्तामा आईपीओ बाँडफाँट भएको मितिदेखि तीन वर्षसम्मका लागि 'लक-इन' मा राखिएका थिए । सो अवधि सकिएपछि कम्पनीको सञ्चालक समितिका पदाधिकारी तथा उच्च व्यवस्थापन तहका कर्मचारी बाहेक अरूले यी शेयर कारोबार गर्न सक्नेछन् ।

कम्पनीले सर्वसाधारण लगानीकर्तामा २०८० साउन ७ गते आईपीओ बाँडफाँट गरेको थियो।

## रोयल फर्मास्युटिकल्सलाई प्राप्ति गर्दै ओम मेगाश्री

काठमाडौं (अस) । ओम मेगाश्री फर्मास्युटिकल्स लिमिटेडले रोयल फर्मास्युटिकल्स प्राइभेट लिमिटेडलाई प्राप्ति गर्ने भएको छ।

असार २ गते बसेको कम्पनीको सञ्चालक समितिको बैठकले दोस्रो बजारमा सूचीकृत रहेको ओम मेगाश्री फर्मास्युटिकल्सले सूचीकृत नरहेको रोयल फर्मास्युटिकल्सलाई प्राप्ति गर्ने समझदारी गरेको हो । प्राप्ति प्रक्रिया अघि बढाउनका लागि दुवै कम्पनीबीच असार ३ गते प्रारम्भिक समझदारीपत्रमा समेत हस्ताक्षर भएको छ।

ओम मेगाश्री फर्मास्युटिकल्स र रोयल फर्मास्युटिकल्स औषधि उत्पादन तथा वितरण गर्ने कम्पनीहरू हुन् ।

## सानिमा इक्विटी फण्ड-२ को लागि थप इकाई माग

काठमाडौं (अस)। सानिमा म्युचुअल फण्डअन्तर्गत सञ्चालन हुने सानिमा इक्विटी फण्ड-२ को इकाई बाँडफाँटका लागि थप इकाई माग गरिएको छ।

यस योजना सञ्चालनका लागि कुल १० करोड इकाईमध्ये कोष प्रवर्द्धक सानिमा बैंकलाई १ करोड ३० लाख इकाई र योजना व्यवस्थापक सानिमा क्यापिटललाई २० लाख कित्ता इकाई सुरक्षित गरी बाँकी ८ करोड ५० लाख इकाई भने सार्वजनिक निष्कासन गरिएको थियो।

वैशाख २४ गतेदेखि जेठ ४ गतेसम्म इकाई निष्कासन गरिएकोमा मागभन्दा बढी आवेदन प्राप्त भएकाले थप इकाईका लागि नेपाल धितोपत्र बोर्डसँग अनुमति माग गरिएको जानकारी योजना व्यवस्थापकले दिएको छ।

कुल निष्कासन इकाई संख्याको २५ प्रतिशतसम्म थप गरी बाँडफाँट गर्न सकिने व्यवस्था बमोजिम थप इकाई बाँडफाँटका लागि अनुमति माग गरिएको हो । बोर्डले थप इकाई बाँडफाँटका लागि स्वीकृति दिएपछि मात्र यस योजनाको इकाई बाँडफाँट हुनेछ । १० वर्षे अवधिको बन्दमुखी प्रकृतिको यस योजनाको इकाई बाँडफाँटपछि नेपाल स्टक एक्सचेन्ज (नेप्से) मा सूचीकृत हुनेछ।

---

**एम.ए.डब्लू. हायर पर्चेज प्रा.लि.**
**(M.A.W. Hire Purchase Pvt. Ltd.)**
(नेपाल राष्ट्र बैंकबाट हायर पर्चेज कर्जा प्रदान गर्न इजाजतपत्र प्राप्त संस्था)

MAW HIRE PURCHASE
Flexible Finance for a Better Tomorrow

कर्पोरेट कार्यालय :
त्रिपुरेश्वर, काठमाण्डौं, नेपाल,
फोन नं. ०१-५९७०२२८
Email: mhpl@mawnepal.com

### सार्वजनिक सूचना

(मितिः २०८३/०३/०४ गते आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित)

आदरणीय ग्राहक महानुभावहरू,

नेपाल राष्ट्र बैंकबाट हायर पर्चेज कर्जा कारोबार सञ्चालन गर्न इजाजतपत्र प्राप्त संस्था एम.ए.डब्लु. हायर पर्चेज प्रा. लि. मार्फत हायर पर्चेज कर्जा सुविधा उपयोग गरी सवारी साधन तथा अन्य उपभोग्य वस्तु खरिद गर्नु भएका ग्राहकहरूमध्ये कम्पनीले तोकेको बैंक खातामा किस्ता रकम वा अन्य रकम जम्मा गर्नु भई सो सम्बन्धी प्रमाण तथा विवरण कम्पनी समक्ष प्राप्त हुन नसकेकोले हर हिसाब फर फारक गर्न असहज भएको हुँदा सम्बन्धित ग्राहकहरूले भुक्तानी प्रमाण, भौचर, बैंक जम्मा रसिद वा अन्य सम्बन्धित कागजातसहित कम्पनीमा सम्पर्क गरी आफ्नो दाबी प्रस्तुत गर्नुहुन अनुरोध गरिन्छ ।

साथै, कर्जा खाताको दायित्वभन्दा बढी रकम भुक्तानी भएको वा कुनै कारणवश ग्राहकको नाममा फिर्ता योग्य रकम बाँकी रहेको अवस्थामा सम्बन्धित ग्राहकहरूले आवश्यक प्रमाणसहित कम्पनीको कार्यालयमा सम्पर्क गरी नियमानुसार आफ्नो दाबी पेश गर्न सक्नुहुनेछ । तोकिएको अवधिभित्र दाबी प्रस्तुत नगरिएको अवस्थामा प्रचलित कानून, नियमकीय व्यवस्था तथा कम्पनीको अभिलेखका आधारमा आवश्यक प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिन्छ ।

ग्राहक महानुभावहरूलाई किस्ता तथा अन्य भुक्तानीहरू (Fonepay, Khalti, MAW Mobile App, Connect IPS, Corporate Pay) जस्ता डिजिटल माध्यमहरुबाट आफनो Client Code प्रविष्ट गरी भुक्तानी गर्न तथा प्रत्येक भुक्तानीको प्रमाण सुरक्षित रूपमा राख्न समेत अनुरोध गरिन्छ। थप जानकारीका लागि कम्पनीको कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

---

### हिमालयन बैंक लिमिटेडको शाखारहित बैंकिङ्ग सेवा बन्द गरिने सम्बन्धी जरूरी सूचना

हिमालयन बैंक लिमिटेडबाट संचालित तपसिलमा उल्लेखित स्थानमा रहेको शाखारहित बैंकिङ्ग सेवा बन्द गरिएको व्यहोरा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै उक्त स्थानमा बैंकबाट नियुक्त गरिएका अभिकर्तासँग यस बैंकसँग सम्बन्धित कुनै पनि बैंकिङ्ग कारोबार नगर्नुहुन समेत अनुरोध गर्दछौं । बैंकिङ्ग सेवा लिनुपर्ने ग्राहक महानुभावहलाई यस बैंकको सम्बन्धित तथा आफुलाई पाएक पर्ने नजिकका शाखाहरुबाट बैंकिङ्ग सेवा नियमित गर्नहुन सादर अनुरोध गर्दछौं।

**तपसिल**

**बन्द गरिएको शाखारहित बैंकिङ्ग सेवाको विवरणः**

| क्र.सं. | स्थानिय निकाय | सम्बन्धित शाखा | अभिकर्ताको नाम |
|---|---|---|---|
| १ | तुल्सीपुर नगरपालिका, वडा नं. ११, उरहरी चोक, दाङ, लुम्बिनी प्रदेश | तुल्सीपुर | सुधिर डाँगी |

HBL हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.

हिमालयन बैंक लि. केन्द्रीय कार्यालय
सामान्य प्रशासन विभाग, कमलादी, काठमाडौं
फोन नं. ०१-५९७१३४६, पो.ब.नं. २०५९० काठमाडौं

---

**नेशनल लघुवित्त वित्तीय संस्था लिमिटेड**
**NATIONAL LAGHUBITTA BITTIYA SANSTHA LIMITED**
(राष्ट्रियस्तरको कार्यक्षेत्र भएको नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था)
केन्द्रीय कार्यालय, बनेपा काभ्रेपलाञ्चोक। फोन नं. ०११-६६५५७२
Email:info@nationalmicrofinance.com.np | www.nationalmicrofinance.com.np

### सूचीदर्ता गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८३।०३।०४)

यस संस्थालाई आ.व.२०८३/०८४ मा आवश्यक पर्ने तपसिलका सामान तथा सेवाहरु पटक पटक खरिद गर्ने प्रयोजनार्थ सम्बन्धित विषयको कारोबार गर्न इजाजत प्राप्त अनुभवी ईच्छुक, व्यक्ति/फर्म/कम्पनीहरुलाई आफूले प्रदान गर्ने सामान तथा सेवाको विवरणसहित कम्पनी/फर्म दर्ता र नविकरण प्रमाणपत्र, करचुक्ता प्रमाणपत्र र स्थायी लेखा प्रमाणपत्र (भ्याट समेत) को प्रतिलिपी संलग्न गरी निवेदनसहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा यस संस्थाको केन्द्रीय कार्यालय सामान्य सेवा विभागमा खाम बाहिर विषय खोलेर आवेदन पेश गर्नुहुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

१. छपाई सम्बन्धी कार्य ।
२. स्टेशनरी मसलन्द सामानहरु आपूर्ति ।
३. सामान ढुवानी तथा कुरियर सेवा ।
४. फर्निचर/फर्निसिङ्ग सामानहरुको आपूर्ति तथा मर्मत सम्बन्धी कार्य ।
५. कार्यालय उपकरणहरु (कम्प्युटर, ल्यापटप, प्रिण्टर, फोटोकपी, स्क्यानर, इन्भर्टर, ब्याट्रिहरू, सि.सि.टि.भि, बायोमेट्रिक मेशिन, प्रोजेक्टर, चेकराइटर आदि आपूर्ति तथा मर्मत कार्य ।
६. प्रिण्टर मेशिन आदिमा लाग्ने मसि तथा कार्टेजहरु आपूर्ति तथा रिफिलिङ्ग कार्य ।
७. सवारी साधन आपूर्ति तथा मर्मत सम्बन्धी कार्य ।
८. वीमा सम्बन्धी कार्य ।
९. प्लम्बिङ्ग, इलेक्ट्रिसियन, नेटवर्किङ्ग सम्बन्धी कार्य ।
१०. इलेक्ट्रोनिक तथा सर्भरसँग सम्बन्धित सामान तथा सेवाको आपूर्ति र मर्मत कार्यहरू ।

नोटः
१. माथि उल्लेखित क्षेत्र मध्ये एउटै फर्म वा कम्पनीले एक भन्दा बढी क्षेत्रमा कारोबार गर्ने भएमा सोको लागि छुट्टा छुट्टै सूची दर्ता निबेदन पेश गर्नु पर्नेछ ।
२. सूचीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस संस्थामा निहित रहनेछ ।
३. सूचीकृत भएका फर्महरुबाट संस्थाले आफ्नो आवश्यकतानुसार दरभाउपत्रको माध्यमबाट मालसामान वा सेवा खरिद गर्नेछ । सूचीकृत फर्म वा कम्पनीले सन्तोषजनक सेवा प्रदान गर्न नसके वा मालसामान सप्लाई गर्न नसकेमा विना सूचना सूचीबाट हटाउँन सकिनेछ ।

---

**सेन्ट्रल फाईनान्स लिमिटेड**
**CENTRAL FINANCE LIMITED**
Serving Your Financial Needs
*Class 'C' Financial Institution Authorised by Nepal Rastra Bank*
**Head Office:** Kupondole, Lalitpur,
**Tel:** 01-5970005 **Email:** info@centralfinance.com.np

### ब्याजदर सम्बन्धी भुल सुधार

मिति २०८३ जेष्ठ ३१ गते आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएको ब्याजदर सम्बन्धी सूचनामा संस्थागत मुद्दती निक्षेपको ब्याजदर देहाय बमोजिम हुनुपर्नेमा अन्यथा हुन गएकोले सर्वसाधारणको जानकारीको लागि सूचना प्रकाशित गरिएको छ ।

| Tenure | Interest Rate (% p.a.) |
|---|---|
| | Institutional |
| 6 to 9 months | 2.75% |

---

### भुक्तानी लिन बाँकी रहेको नगद लाभांश बुझिलिनका लागि शेयरधनी महानुभावहरूको जानकारीको लागि जारी गरिएको सूचना

यस गरिमा विकास बैंक लिमिटेड र यस विकास बैंकमा गाभिनुपूर्व साविक निलगिरी विकास बैंक लिमिटेड, साविक शुभेच्छा विकास बैंक लिमिटेड र साविक साहारा विकास बैंक लिमिटेडको वार्षिक साधारण सभाबाट आर्थिक वर्ष २०६६/६७ देखि २०७३/७४ सम्ममा पारित भएको नगद लाभांशमध्ये शेयरधनी महानुभावहरुबाट कुनै आर्थिक वर्षको नगद लाभांश बुझिलिन बाँकी रहेमा यो सूचना प्रकाशित भएको मितिले एक महिना भित्र यस विकास बैंकको केन्द्रीय कार्यालय लाजिम्पाट, काठमाण्डौं वा शेयर रजिष्ट्रार श्री एनआइएमवि एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौंमा सम्पर्क गरी बुझिलिनुहुन अनुरोध गर्दछौं । तोकिएको मिति सम्ममा पनि नगद लाभांश बुझिलिन नआएमा बाँकी लाभांश रकम कम्पनी ऐन २०६३ को दफा १८२ को उपदफा (९) मा भएको व्यवस्था बमोजिम लगानीकर्ता संरक्षण कोषमा जम्मा गरिने व्यहोरा समेत यसै सूचनामार्फत जानकारी गराईन्छ ।

**गरिमा विकास बैंक लिमिटेड**
**Garima Bikas Bank Limited**
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था
**केन्द्रीय कार्यालय**: काठमाण्डौ-२, लाजिम्पाट
**फोन**: ०१-४५४५४२४/२५/२६, **कल सेन्टर**: ०१-५९७०१७९
**इमेल**: info@garimabank.com.np, **वेबसाइट**: www.garimabank.com.np

---

**महामञ्जुश्री बचत तथा ऋण सहकारी संस्था लि.**
स्वयम्भू-१५, काठमाण्डौ (फोन नं. ०१- ५६७२८८४)

### कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ (पैतिस) दिने अत्यन्त जरुरी सार्वजनिक सूचना ।

**प्रथम पटक प्रकाशित मिति २०८३/०३/०४**

तपसिलमा उल्लेखित ऋणी सदस्यले यस सहकारी संस्थाबाट लिएको कर्जाको लिखत तथा शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको संस्थाको सम्पूर्ण लेना रकम नबुझाई कर्जा लिंदा संस्थासंग गरेको शर्त, कबुलियतको पुर्णरुपमा उल्लघंन गरी ऋणको भाखा समेत नाघेकोले संस्थाबाट कर्जा चुक्ता भुक्तान गर्न पटक-पटक मौखित तथा लिखित रुपमा तारताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी, चासो नदेखाई ऋण दायित्व फछ्र्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ (पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र संस्थालाई तिर्न बुझाउन बाँकी रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धीत ऋणी सदस्य तथा धनजमानत कर्तालाई यसै सूचनाद्धारा जानकारी गराईन्छ । अन्यथा सहकारी ऐन, २०७४ नियमावली, २०७५ तथा प्रचलित कानून बमोजिम ऋण असुलीको कारबाही अगाडी बढाईने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

**तपसिलः**

| क्र.सं. | ऋणीको नाम र ठेगाना | धनजमानिकर्ताको विवरण |
|---|---|---|
| १ | **ऋणीको नाम : ज्ञानु महर्जन**<br>बजेको नाम : सियुचा महर्जन<br>पिताको नाम : पूर्ण मान महर्जन<br>ठेगाना : का.म.न.पा १५, स्वयम्भू, शान्तीनगर टोल, काठमाडौं ।<br>(ना.प्र.नं. : २७६४३९/४१, जारी मिति २०५१/१०/२६, काठमाडौं)<br>कर्जाको शिर्षक : व्यवसायिक<br> | **नाम : बिमला महर्जन**<br>ससुराको नाम : पूर्ण मान महर्जन<br>पतीको नाम : ज्ञानु महर्जन<br>ठेगाना : का.म.न.पा १५, स्वयम्भू, शान्तीनगर टोल, काठमाडौं ।<br>(ना.प्र.नं. : ४९६५, जारी मिति २०५५/०८/०२, काठमाडौं)<br> |

---

NHPC
**नेशनल हाइड्रो पावर कम्पनी लि.**
काठमाडौं-१०, बिनायकनगर, बानेश्वर

### २९औं वार्षिक साधारणसभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८३/०३/०४

यस नेशनल हाइड्रो पावर कम्पनी लिमिटेडको मिति २०८३/०३/०३ मा बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार यस कम्पनीको २९औं वार्षिक साधारणसभा निम्न लिखित मिति, समय र स्थानमा देहायका विषयहरू उपर छलफल तथा निर्णय गर्नका लागि बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनीहरूको जानकारी एवम् उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**

मिति : २०८३/०३/३१ गते बुधबार ।
समय : बिहान ११:०० बजे ।
स्थान : अमृत भोग क्याटेरिङ्ग, कालिकास्थान, काठमाडौं ।

**छलफलका विषयहरू**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. लेखापरिक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष २०८१/०८२ को वासलात, नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरणसँग सम्बन्धित अनुसूचीहरू उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
३. आ.व. २०८२/०८३ को लागि लेखापरिक्षक नियुक्ती गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
४. सञ्चालक समितिमा एक जना महिला सहित ७ (सात) जना सञ्चालकको निर्वाचन गर्ने सम्बन्धमा ।
५ विविध ।

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

**वार्षिक साधारणसभा सम्बन्धी सामान्य जानकारीहरू**

१. २९औं वार्षिक साधारणसभा प्रयोजनका लागि मिति २०८३/०३/१६ गते (एक दिन) शेयर दाखिल खारेज बन्द रहनेछ ।
२. २९औं वार्षिक साधारणसभाको लागि मिति २०८३/०३/१५ गतेसम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा कारोबार भई ३ कार्य दिन भित्र दाखिल खारेज तथा नामसारीका लागि प्राप्त शेयरहरूबाट कायम रहेका शेयरधनीहरू वार्षिक सभामा भाग लिनका लागि योग्य हुनेछन् ।
३. लेखापरिक्षकको प्रतिवेदन सहित कम्पनीको वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन, कम्पनी ऐन २०६३ को दफा ७८ बमोजिमको प्रतिवेदन समेतका कागजातहरू निरिक्षण गर्न तथा प्रतिलिपी आवश्यक भएमा कार्यालय समय भित्र कम्पनीको कार्यालय बिनायकनगर, नयाँ बानेश्वर, काठमाडौंमा सम्पर्क राख्न सकिने व्यहोरा अनुरोध छ ।
४. सभामा आफै उपस्थित हुन नसक्ने शेयरधनीले सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्दा सो प्रोक्सीको निवेदन सभा शुरु हुनु भन्दा ४८ घण्टा अगाबै प्रतिनिधि पत्र (प्रोक्सी) तोकेको कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । प्रतिनिधि पत्र प्रचलित कम्पनी कानून बमोजिम यस कम्पनीले तोकेको ढाँचामा हुनु पर्नेछ । प्रतिनिधि पत्रको ढाँचा यस कम्पनीको सूचनापाटी तथा कम्पनीको वेवसाइटमा (www.nhpcl.com) मा राखिएको छ । कम्पनीको शेयरधनी बाहेक अन्यलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न पाइने छैन ।
५. साधारणसभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्दा कुल बिक्री भएको शेयरको १५ प्रतिशत भन्दा बढि प्रोक्सी दर्ता गरेको भएमा पनि १५ प्रतिशत भन्दा बढि मतको गन्ती गरिने छैन ।
६. एक जना शेयरधनीले एक भन्दा बढि व्यक्ति (शेयरधनी) लाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेमा सबै प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ ।
७. प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्दा केही शेयर आफैसँग बाँकी राखि आफू समेत साधारणसभामा उपस्थित हुन पाउने उद्देश्यले आशिक शेयरको प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न पाउने छैन । अर्थात, सम्पूर्ण शेयरको लागि एकै व्यक्तिलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्नु पर्दछ ।
८. सभामा भाग लिनु हुने प्रत्येक शेयरधनी महानुभावहरूले सभा हुने स्थानमा उपस्थित भई त्यँहा राखिएको हाजिरी पुस्तिकामा बिहान १०:०० बजेबाट उपस्थिति जनाउन सकिने छ ।
९. साधारणसभा सम्बन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको कार्यालय का.जि.का.म.न.पा. वडा नं. १०, बिनायक नगर, बानेश्वरमा सम्पर्क राख्न अनुरोध गरिन्छ ।
१०. सञ्चालक निर्वाचन सम्बन्धी विस्तृत कार्यक्रम निर्वाचन अधिकृतको कार्यालय, यस कम्पनीको रजिष्टर्ड कार्यालय, बिनायकनगर, नयाँ बानेश्वरमा पछि प्रकाशित भए बमोजिम हुनेछ । थप जानकारी लागि कम्पनीको वेबसाइट (www.nhpcl.com) तथा कार्यालयको समयमा सम्पर्क राख्न अनुरोध गरिन्छ ।